# सारांश

वि.सं. २०५८ सालमा शिवपुरी राष्ट्रिय निकुञ्ज स्थापना भएकोमा २०६५ सालमा नागार्जुन वन क्षेत्र समेत थप भई जम्मा १५९ वर्ग कि.मि. ओगेटेको नेपालको मध्यपहाडी पारिस्थिकीय प्रणालीको प्रतिनिधित्व गर्ने निकुञ्ज हो । क्षेत्रफलमा सानो क्षेत्र भएता पनि यसको उचाईगत विविधता (१००० मी. देखि २७३२ मी.) ले गर्दा वनस्पतीहरूको विविधता प्रचुर छ । यस क्षेत्रभित्र विभिन्न चार प्रकारका वन पाइन्छन् । यसैगरि यस निकुञ्ज क्षेत्रभित्र ३५ प्रजातीका गैरकाष्ठ वन पैदावार, १२९ प्रजातीका च्याउ, तथा ५० प्रजातीका रैथाने समेत गरि २१२२ प्रजातीका फूल फूल्ने वनस्पती रेकर्ड गरिएको छ भने २० प्रजातीका स्तनधारी, ३११ प्रजातीका चरा, १०२ पुतलीहरू पाईन्छ । यो निकुञ्ज काठमाण्डौं उपत्यकाको खानेपानीको आपुर्तीको प्रमुख श्रोत समेत हो ।

पर्यापर्यटनका हिशावले यो निकुञ्ज निकै महत्वपूर्ण छ । यस आ.व.मा मात्र ९६३६२ जना नेपाली तथा १०५६९ जना विदेशी पर्यटक तथा विभिन्न स्कुल तथा क्याम्पसहरूवाट ४२२५ जना गरि जम्मा १११५६ जना व्यक्तिहरूले निकुञ्ज भ्रमण गरेका थिए । विभिन्न शिर्षकहरूवाट यस आ.व.मा रू. ४६.८३ लाख राजश्व संकलन गरिएको थियो ।

नेपाल सरकारवाट स्वीकृत वार्षिक कार्यक्रम लक्ष्य अनुसारका सम्पुर्ण कार्यक्रमहरू शत प्रतिशत सम्पन्न भएका छन् जसमध्ये भौतिक पूर्वाधार निर्माण सुधार कार्यक्रम, जनचेतना अभिवृद्दि कार्यक्रम, पर्यापर्यटन प्रवर्धन तथा नियमित कार्यालय संचालन मुख्य हुन् । यसको अतिरिक्त नेपाल पर्यावरण तथा पर्यटन जागरण आधारशीला (NETIF) र पर्यटन पुर्वाधार विकास आयोजनाको सहयोगमा विभिन्न पर्यटन पुर्वाधार मर्मत सुधार कार्यक्रम संचालन भए ।

नियमित रूपमा संचालनमा रहेको मृग अनुसन्धान केन्द्र गोदावरी तथा सुनौलो कालिज पालन केन्द्र यस आ.व.मा पनि संचालन भयो । विशेष घटनाको रूपमा यस आ.व.मा जम्मा ३ वटा पोथी चितुवालाई काठमाण्डौं उपत्यकाका विभिन्न स्थानवाट समाई आवश्यक उपचार गरि शिवपुरी नागार्जुन अन्तर्गत शिवपुरी क्षेत्रमा छाडिएको छ ।

## खण्ड १
# परिचय

काठमाण्डौं उपत्यकाको उत्तर शिरानमा अवस्थित काठमाण्डौं उपत्यकाको खानेपानीको मूल श्रोतको रूपमा रहेको शिवपुरी क्षेत्रमा वढ्दो जनसंख्याको चापवाट भएको वन विनास र भू-क्षयलाई नियन्त्रण गर्न आ.व. २०३१/३२ मा शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष परियोजना संचालन गरियो । जम्मा १४४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रलाई पछि वि.सं. २०५८ सालमा राष्ट्रिय निकुञ्ज घोषणा गरिएकोमा २०६५ साल फाल्गुन १२ गते देखि काठमाण्डौं तथा धादिङ्ग जिल्लामा अवस्थित नागार्जुन वनक्षेत्र (१५ व.कि.मी.) समेत थप भई कुल १५९ वर्ग कि.मि. क्षेत्रफल रहेको छ । मध्य पहाडी पारिस्थिकीय प्रणालीलाई प्रतिनिधित्व गर्ने यस क्षेत्र वनस्पति तथा जीवजन्तुहरूको विविधताको दृष्टिले धनी मानिन्छ । समुन्द्र सतहदेखी १००० मी देखि २७३२ मी. को उचाईसम्म फैलिएको यस निकुञ्जमा मुख्यतया Sub tropical देखि Temperate forests र यसै संग सम्वन्धित वन तथा वनस्पतीहरू पाईन्छन् । हालसम्म काठमाण्डौ उपत्यकाको खानेपानीको मुख्य आपुर्ती यसै निकुञ्जवाट भईरहेको हुनाले यसको संरक्षण महत्वपूर्ण मानिन्छ ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रलाई विशेष गरी क) मध्य पहाडी क्षेत्रको जैविक विविधताको दृष्टिले धनी क्षेत्र, ख) काठमाण्डौं उपत्यकाको लागी खानेपानीको आपुर्ती केन्द्र, ग) सांस्कृतिक सम्पदा तथा पर्यटन केन्द्र ३) अध्ययन तथा अनुसन्धानको क्षेत्र र ङ) काठमाण्डौं उपत्यकाको प्रदुषण नियन्त्रण गर्ने क्षेत्रको रूपमा चिनिन्छ (रा.प्र.सं.कोष, २००४) ।

### १.१ भौतिक अवस्थिती

काठमाण्डौ उपत्यकाको उत्तरी सिमानामा अवस्थित यस निकुञ्जले काठमाण्डौ, नुवाकोट, सिन्धुपाल्चोक, र धादिङ्ग जिल्लामा फैलिएको छ । भोगोलिक रूपमा यसको अवस्थिती २७°४५' -२७°५२' उत्तर अक्षांश तथा ८५°१५' -८५°३०' पूर्व देशान्तरसम्म फैलिएको छ । निकुञ्जको पूर्व पश्चिम लम्वाई २०-२४ कि.मि. तथा उत्तर दक्षिण चौडाई ८-१० कि.मि. रहेको छ । यसै गरि काठमाण्डौं, नुवाकोट र धादिङ्ग गरि ३

जिल्लामा फैलिएको नागार्जुन वन क्षेत्रको ८५°१३'५१" देखी ८५°१८'२४" पूर्वी देशान्तर तथा २७°४३'३७" देखी २७°४६'२४" उत्तरी अक्षांश सम्मको भूभाग मिति २०६५।११।१२ को नेपाल सरकारको निर्णयवाट यस रा.नि.मा थप भएको छ । यस निकुञ्जलाई राजधानी शहर तथा अन्तर्राष्ट्रिय विमानस्थलवाट सवैभन्दा नजिक रहेको मानिएको छ । यस निकुन्जको पूर्वमा सिन्धुपाल्चोक जिल्लाको चिसापानी देखि पश्चिममा नुवाकोट जिल्लाको ककनी हुँदै धादिङ्ग जिल्लाको सानागाउंसम्म फैलिएको छ ।

**१.२ निकुञ्ज स्थापनाका उद्देश्यहरू:**

मुख्य रूपमा निकुञ्जको उद्देश्यहरू निम्न वमोजिम रहेका छन्:

- जैविक विविधता संरक्षण गर्ने ।
- जलाधार क्षेत्रलाई उचित व्यवस्थापन गरि दिगो रूपमा खानेपानी उत्पादन गर्ने ।
- पर्यापर्यटनको माध्यमवाट पर्यटन व्यवसायको विकास गर्ने ।
- संरक्षण शिक्षाका लागी निकुञ्ज क्षेत्रलाई नमुनाको रूपमा विकास गर्ने ।
- मध्यवर्ती क्षेत्र कार्यक्रम मार्फत जैविक विविधता संरक्षण तथा सामुदायिक विकासमा स्थानिय वासिन्दाहरूको सहभागीता वढाउने ।

## २. जैविक विविधता

### २.१ वन तथा वनस्पतीः

यस निकुञ्जले नेपालको मध्य–पहाडी क्षेत्रको जैविक विविधताको प्रतिनिधित्व गर्दछ। मुख्यतया प्राकृतिक पुनरूत्पादनवाट हुर्केको वन पाईने भए पनि केही नाङ्गो डांडाहरूमा वृक्षारोपण गरि विकास गरिएको वन क्षेत्रले २००० हे. क्षेत्र ओगटेको छ। क्षेत्रफलमा सानो क्षेत्र भएता पनि यसको उचाईगत विविधता (१००० मी. देखि २७३२ मी.) ले गर्दा वनस्पतीहरूको विविधता प्रचुर छ। यस क्षेत्रभित्र विभिन्न चार प्रकारका वन पाइन्छन्। यसैगरि यस निकुञ्ज क्षेत्रभित्र ३५ प्रजातीका गैरकाष्ठ वन पैदावार पाईन्छ जसमध्ये लोकता, वोभ्फो, घसिंगरे, १२९ प्रजातीका च्याउ (श्रेष्ठ र जोशी, १९९६ महत्वपूर्ण छन्। यस निकुञ्जमा जम्मा ५० प्रजातीका रैथाने समेतका २१२२ प्रजातीका फूल फूल्ने वनस्पती प्रजाती पाईन्छन् (शाक्य र साथीहरू, १९९७)।



**वनका प्रकारहरूः**

**1. Lower Mixed Hardwood Forests:** 1000-1500 m

- *Schima wallichii*
- *Castonopsis spp*
- *Alnus nepalensis*
- *Myrica esculanta*
- *Toona ciliate*
- *Madhuca indica*
- *Albizzia* sp



**2. Chirpine Forests:** 1000-1600 m

- *Pinus roxburghii*
- *Castonopsis indica*
- *Myrica esculanta*
- *Pyrus pashia*



**3. Upper Mixed Hardwood Forests:** 1500-2700 m

- *Aesculus* sp
- *Acer* sp
- *Juglans regia*
- *Fraxinus* sp
- *Alnus nepalensis*
- *Salix* sp
- *Quercus* sp
- *Lithocarpus* sp
- *Celtis* sp



**4. Oak Forests:** 2300-2700 m

- *Quercus semicarpifolia*
- *Eurya accuminata*
- *Quercus leucotricophora*
- *Illex dipyrens*

| | |
|---|---|
| *Michellia champaca* | *Rhododendron arboretum* |
| *Symplocus* sp | *Lithocarpus* sp |

## २.२ जीवजन्तु

**स्तनधारीः**



शिवपुरी नागार्जुन रा.नि.क्षेत्रमा २० प्रकारका स्तनधारी प्रजाती पाईन्छन् जसमा घोरल (Goral), रातो वांदर (Rhesus macaque), लंगुर (Common langur), चितुवा (Common leopard), ध्वांसे चितुवा (Clouded leopard), Yellow throated martin, हिमाली कालो भालु (Tibetan black beer) (BPP, 1995) लगायत १० प्रजातीहरू CITES को विभिन्न अनुसुची भित्र पर्दछन् । अन्य प्रजातीहरूमा रतुवामृग, वंदेल, दुम्सी, लोखर्के जस्ता प्रजातीहरू पाईन्छ ।

**पंछीः**



रैथाने तथा वसाईसराई गरि आउने चराहरूले समेत यस निकुञ्जलाई प्राकृतिक वासस्थानको रूपमा प्रयोग गरेको पाईन्छ । यस निकुञ्ज क्षेत्रमा जम्मा ३११ प्रजातीका चराहरू रेकर्ड गरिएको छ जसमध्ये ११७ प्रजातीका वसाई सराई गरि आउने चराहरू पर्दछन् । यस निकुञ्जमा पाईने चराहरूमध्ये White backed vulture, Himalayan griffon, Black vulture, Beard vulture ( Nepali, H.S. and Suwal R. 2007), Dark kite, Hen harrier, Northern goshwak, Sparrow hawk, Sikhra, Common buzzard, Asian Black eagle, Steppe eagle (BPP, 1995) पाईन्छन् । यसको अतिरिक्त Falco severus, Common tailorbird, Orange bellied leafbird, Green Magpie, Blue-throated Flycatcher, Bushchat, White rumped vulture, Indian Cuckoo, Eurasian Cuckoo, Bulbul, Blue robbin, Swift, Warbler and Bablers, Kalij pheasant आदि महत्वपूर्ण छन् ।

**किटपतंगः**

यस निकुञ्जमा १०२ प्रजातीका पुतलीहरू रेकर्ड गरिएको ५ जसमध्ये Kaise-I-hind butterfly (*Teinopalpus imperalis),* Susceptible endemic sub species of *Oryolyce verdhana nepalica* (Smith, 1996), Himalayan dragonfly (*Epiophlebia laidla* ) महत्वपुर्ण छन् ।

### ३. जलसम्पदा



पहाडी भूभागवाट वग्ने स्थायी तथा अस्थायी नदी तथा खोलाहरू गरि यस निकुञ्जमा सीमसार क्षेत्रहरू छन् । नेपालका महत्वपुर्ण सप्तकोशी, सप्तगण्डकी र वागमती नदी प्रणाली गरि तीनवटा नदीमा यहांका खोलाहरू गई मिसिन्छन् । यी मध्ये अधिकांश सिमसार वाग्मती जलाधार भित्र पर्दछन् भने उत्तरी भाग त्रिशुली नदिमा र पुर्वी भागवाट ईन्द्रावती नदिमा मिसिन्छ । वागमती नदीमा मिसिने प्रमुख खोलाहरूमा वागमती, स्यालमती, नागमती, विष्णुमती, अल्लेखोला आदि हुन भने त्रिशुली नदीमा मिसिने खोलाहरूमा चिसापानी खोला, ढुङ्गे खोला, रोहल्चे खोला, ककनी खोला प्रमुख छन् । यसको अतिरिक्त ईन्द्रावती नदीमा मिसिने खोलामा न्हयु खोला, ठाडोखोला, हैवुङ्ग खोला प्रमुख हुन् (ShNP, 2063/64)। उल्लेखित नदीहरूमध्ये वागमती नदी प्रणाली अन्तर्गतका खोला तथा खोल्सा खोल्सीहरूवाट वग्ने पानीवाट काठमाण्डौं उपत्यकाको ४० प्रतिशत खानेपानीको मागलाई आपुर्ति गर्दै आएको छ (रा.प्र.सं.कोष, २००४) । मुख्यतया यस क्षेत्रवाट discharge हुने पानी ecological services का अतिरिक्त सिंचाई, खानेपानी, पानीघट्ट संचालन तथा धार्मिक स्नान जस्ता क्षेत्रमा प्रयोग हुंदै आएको पाईन्छ ।

### ४ भौतिक पुर्वाधार तथा मानव श्रोत साधनः

यस राष्ट्रिय निकुञ्जहुंदै विभिन्न गाउंहरूमा जाने प्रयोजनको लागी तोकिएका सुविधाप्राप्त गोरेटो/घोडटो वाटोहरू तथा पर्यटक पैदलमार्गहरू संचालनमा रहेका छन् । आन्तरिक तथा वाह्य पर्यटकहरूको सुविधाको लागी हाल जम्मा १८ वटा पिकनिक स्पट तथा क्याम्प साईटहरू संचालनमा छन् । निकुञ्ज सुरक्षाको लागी विभिन्न २२ स्थानमा सुरक्षा पोष्ट तथा प्रशासनिक कार्यालयहरू रहेकोमा हाल १० वटा मात्र सुरक्षा पोष्ट तथा प्रशासनिक कार्यालयहरू संचालनमा छन् । नेपाल सरकारवाट स्वीकृत दरवन्दि

अनुसार यस निकुञ्ज सुरक्षा तथा व्यवस्थापनको लागी प्रशासनिक/वन प्राविधिक गरि जम्मा ६० जना कर्मचारी तथा सुरक्षाकर्मी तर्फ नेपाली सेनाको गोरखनाथ गण कार्यरत छन् ।

## ५. मृग अनुसन्धान केन्द्र



मृग अनुसन्धान केन्द्र, गोदावरी नेपाल सरकार (राज्य मन्त्रिस्तर) को मिति २०४८ साल मंसीर १६ गतेको निर्णयानुसार नेपाल सरकार र University of Sydney/Dept. of Animal Health को संयुक्त प्रयासमा वि.सं. २०४९ माघमा स्थापित भएको थियो । नेपाल सरकारवाट ल.पु. जिल्लाको गोदावरीमा जम्मा १० हेक्टर क्षेत्रफल प्राप्त गरि २०५० साल पौष देखि अनुसन्धान कार्य थालनी भएका थियो । गत आ.व. मा १९ वटा रतुवा मृग तथा ८१ वटा चित्तलहरू क्रमशः शिवपुरी रा.नि.तथा पर्सा वन्यजन्तु आरक्षमा स्थानान्तरण गरिएको थियो भने यस आ.व. मा मृग स्थानान्तरण कार्यक्रम संचालन भएको छैन । यस आ.व. को अन्त्य सम्ममा अनुसन्धान केन्द्रमा जम्मा ३ भाले तथा ७ पोथी गरि जम्मा १० रतुवा तथा भाले २४, पोथी १० तथा लिङ्ग थाहा नभएका ७ गरि जम्मा ४१ वटा चित्तल रहेका छन् (थप विवरण अनुसुची १ अनुसार) । विगत आ.व.हरूमा चितुवाको आक्रमणवाट मृगहरूको मृत्यु हुने गरेकोमा यस आ.व.मा चितुवाको आक्रमणवाट मृत्यु हुने मृगको संख्या न्युन रहृयो ।

## ६ सुनौलो कालिज पालन केन्द्र



जिल्ला वन कार्यालय, काठमाण्डौंले सुनौलो कालिज पालन गर्दै आएकोमा नागार्जुन वन क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्जमा थप भए पछि यस शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा व्यवस्थापन हुंदै आएको छ । हाल पालन केन्द्रमा ६९ वटा भाले, ५९ वटा पोथी तथा २० वटा चल्ला रहेका छन् । सुनौलो कालिजको वार्षिक तथ्याङ्क अनुसुची २ मा दिईएको छ ।

## खण्ड २

# वार्षिक प्रगती प्रतिवेदन

अनुसुची ३ अनुसारका आ.व. २०६५।६६ मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय अन्तर्गत सम्पन्न भएका कार्यक्रमहरूको संक्षिप्त प्रतिवेदन :

**अ) पुंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू**

**१. मेशिनरी औजार खरिद**

यस आ.व.मा रू. १ लाख ६० हजारको लागतमा १ वटा कम्प्युटर तथा १ वटा ल्यापटप खरिद गरिएको छ ।

**२. फर्निचर खरिद**

यस आ.व.मा रू २५ हजारको लागतमा ६ वटा पलंग तथा १ कम्प्युटर टेवल, २ स्टिल दराज, कुर्सी तथा टेवल खरिद गर्ने कार्य सम्पन्न भयो जसको कारण कार्यालय काम सहज र प्रभावकारी भएको छ ।

**३. चिफ वार्डेन क्वार्टर निर्माणः**

रू. १५० हजारको लागतमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय, पानीमुहान हातामा १ तल्ले पांच कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ ।

**४. नागार्जुन वन विकास तथा संरक्षणः**

नागार्जुन वन विकास तथा संरक्षणको लागी रू ८ लाख विनियोजन भएकोमा यस शिवपुरी राष्ट्रिय निकुञ्जमा नागार्जुन वन क्षेत्र समावेश भए पश्चात जिल्ला वन कार्यालय, काठमाण्डौं अन्तर्गत खर्च भई वांकी रहेको रू ६ लाखको लागतमा सुनौलो कालिजलाई राशन (दाना) तथा स्याहार एवं नागार्जुन वन क्षेत्रको कम्पाउण्ड वाल मर्मत संभार गर्ने कार्य सम्पन्न भई हाल १४८ को संख्यामा सुनौलो कालिजको व्यवस्थापन तथा कम्पाउण्ड वालको मर्मत भए पश्चात वन्यजन्तुहरूवाट स्थानिय वासिन्दाको वाली नाली नोक्सानी एवं घांस दाउरा संकलन तथा अन्य अनियमित कार्य रोक्न सहयोग भएको छ ।

**आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरू**

**क) संरक्षण शिक्षा कार्यक्रमः**

यस आ.व.मा जनचेतना अभिवृद्दि गर्ने उद्देश्य अनुसार विभिन्न मितिमा पर्ने दिवश तथा समारोह मनाउने कार्य सम्पन्न भएको छ ।

**१. विश्व सिमसार दिवसः**




सन् १९७१ देखि प्रत्येक वर्ष फेव्रुअरी २ मा मनाउँदै आईरहेको विश्व सिमसार दिवस यस वर्ष Upstream Downstream: Wetlands Connects us all भन्ने नाराका साथ सुन्दरीजल क्षेत्र शिवपुरी नागर्जुन रा.नि., रा.नि. सुरक्षर्थ खटिएको गोरखनाथ गण, स्थानिय स्कुलका शिक्षक तथा विद्यार्थी, स्थानिय वासिन्दा तथा रंग नेपाल नामक गैरसरकारी संस्थाका प्रतिनिधीहरूको संयुक्त सहभागीतामा फोहोर संकलन, खाडल खन्ने तथा फोहोर व्यवस्थापन समेत गरि मनाईएको थियो । निकुञ्जको महत्वपूर्ण पर्यटक आकर्षण क्षेत्र तथा काठमाण्डौं उपत्यकाको खानेपानीको प्रमुख श्रोतको रूपमा रहेको उक्त क्षेत्रलाई सरसफाई गरि प्रदुषित वातावरण सफा पार्ने प्रयास गरिएको थियो । उक्त कार्यक्रममा मुख्यतया १. सरसफाई कार्यक्रम संचालन गरि प्रदुशित क्षेत्रलाई सफा वनाउने, र २. स्थानिय विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावक एवं अन्य सरोकारवाला व्यक्ति तथा संस्थाहरू विच औपचारिक कार्यक्रम आयोजना गरि सिमसार क्षेत्र यसको महत्व तथा उपादेयता तथा हाल मनाउन लागिएको प्रकृती संरक्षण वर्षको सन्दर्भ माथी प्रकाश पार्ने उद्देश्य राखी संचालन गरिएको थियो ॥

**२. वन्यजन्तु सप्ताह २०६६ः**

जैविक विविधता संरक्षण तथा पारिस्थिकिय प्रणाली संरक्षण गर्न जचचेतना अभिवृद्धी गर्ने उद्देश्य अनुसार नेपालमा प्रत्येक वर्ष वैशाख महिनाको पहिलो हप्तामा वन्यजन्तु सप्ताह मनाउँदै आईएको जैविक विविधता कार्यक्रम यस वर्ष राष्ट्रिय निकुञ्जमा आउने पर्यटक, स्थानिय गाउंका वासिन्दाहरू तथा अध्ययन अनुसन्धानको लागी आउने विभिन्न अनुसन्धानकर्ताको आवत जावत तथा क्याम्पिङ्ग गरि वस्ने पर्यटकहरूको कारण हाल प्रदुषित भईरहेको क्षेत्रमा सरसफाई कार्यक्रम गरि मनाईको थियो । कूल १५ हजारको लागतमा उक्त कार्यक्रम सम्पन्न भएको छ जसको असर स्वरूप शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको पानीमुहान देखि वाघद्वार सम्मको खण्ड तथा पानीमुहान देखी छापभञ्जाङ्ग सम्मको ट्रेकिङ्गरूट सफाई गर्ने कार्य सम्पन्न भई उक्त रूटहरूमा जम्मा भएको फोहोर व्यवस्थापन गरिएको थियो ।

**३. जैविक विविधता दिवशः**



प्रत्येक वर्ष मे २२ मा मनाउँदै आएको जैविक विविधता दिवस यस वर्ष राष्ट्रिय निकुञ्जका कर्मचारीहरू, सुरक्षा निकाय तथा स्थानिय श्री नागार्जुन मा.वि.का शिक्षक तथा विद्यार्थीहरूको संयुक्त प्रयासमा नागार्जुन वन क्षेत्रमा पर्ने जामाचो क्षेत्रमा सरसफाई गरि सम्पन्न गरिएको थियो । सो अवसरमा वन, वन्यजन्तु, वातावरण तथा जैविक विविधता सम्वन्धि विविध विषयमा विद्यार्थीहरूलाई जानकारी गराउने समेत काम भएको थियो ।

**४. विश्व वातावरण दिवशः**



प्रत्येक वर्ष जुन ५ मा मनाउँदै आईरहेको विश्व वातावरण दिवश यस वर्ष शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय पानीमुहानमा स्थानिय ४ वटा विद्यालयका विद्यार्थीहरूविच प्रतिस्पर्धात्मक हाजिरीजवाफ प्रतियोगीता गरी सम्पन्न गरियो । यस कार्यक्रममा सहभागी विद्यार्थीहरू विच वन, वातावराण तथा जैविक विविधता तथा सामान्य ज्ञान समेतका विविध विषयमा प्रश्न सोधीएको थियो । यस क्रममा स्थानिय विद्यालयको सक्रिय सहभागीता देखिएको छ ।

**ख) वासस्थान व्यवस्थापन**

**१. संरक्षण पर्खाल मर्मतः**

यस आ.व.मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज मध्ये शिवपुरी खण्डमा निर्मीत संरक्षण पर्खाल ठाउं ठाउंमा विग्रीएकोमा कूल २ लाखको लागतमा विभिन्न ठाउंहरूमा गरि जम्मा १० कि.मी. पर्खाल स्थानिय कच्चा पदार्थ तथा सिमेन्ट समेत प्रयोग गरि मर्मत संभार गर्ने कार्य सम्पन्न भएको छ । पर्खाल मर्मत पछि विशेषगरि निकुञ्जका वंदेल लगायतका जनावरहरू खेतवारीमा जाने क्रम कम भएको तथा अनियमित कार्य गर्ने व्यक्तिहरूको प्रवेशमा समेत कमी भएको छ ।

**२. ग्याविन कज वे मर्मतः**

निकुञ्जको पहाडी कच्ची मोटरवाटोमा निर्मित कज वेहरू मध्ये क्षतिग्रस्त भई आवागमनमा समेत असर पर्न सक्ने विभिन्न ३ स्थानका कज वे हरूलाई कुल १.५ लाखको लागतमा मर्मत संभार गर्ने कार्य सम्पन्न

गरिएको छ जसको कारण नियमित गस्ती तथा स्थानिय वासिन्दाहरूको समेत आवागमनमा सहजता भएको छ ।

**ग) पर्या पर्यटन प्रवर्धन/भौतिक सुधारः**

**१. विजुली वायरिङ्ग**

यस आ.व.मा यस निकुञ्जको ढकालचौर सेक्टरमा निर्मित भवनमा रू १० हजारको लागतमा विजुली वायरिङ्ग गर्ने कार्य सम्पन्न भयो ।

**२. नाली मर्मतः**

निकुञ्जको पहाडी कच्ची मोटरवाटोमा वर्षातको समयमा माटो, ग्रावेल, ढुङ्गा तथा पत्करहरूले पुरिई क्षतिग्रस्त भएका विभिन्न ठाउंहरू गरी जम्मा ७५ हजारको लागतमा नाली सफा गर्ने कार्य सम्पन्न भएको छ ।

**३. खानेपानी व्यवस्था मर्मत**

यस आ.व.मा निकुञ्ज कार्यालय अन्तर्गत सुन्दरीजल प्रवेशद्वार, पानीमुहान कार्यालय तथा ककनी स्थित गोरखनाथ गण परिसरका खानेपानीका पाइपलाईन मर्मत गर्ने, टंकी मर्मत तथा सुधार, तथा धाराहरू मर्मत संभार गरिएको छ ।

**४. घोडटो/गोरेटो वाटो मर्मत सुधार**

यस आ.व.मा शिवपुरी नागार्जुन रा.नि.ककनी प्रवेशद्वार देखी गुर्जे भञ्ज्याङ्गसम्म, सुनदरीजल देखि चिसापानी र बोर्लाङदेखि वाघद्वार/नागीगुम्वासम्मको खण्डमा झाडी तथा वुट्यान सरसफाई गर्ने कार्य सम्पन्न भई देशी तथा विदेशी पर्यटकहरूको लागी आवागमन, तथा रा.नि. का कर्मचारी, सुरक्षा सैनिकहरूलाई नियमित गस्ती मनिटरिङ गर्ने कार्य सहज भएको छ ।

**५. खानेपानी व्यवस्था निर्माणः**

यस आ.व.मा शिवपुरी नागार्जुन रा.नि. अन्तर्गत ढकालचौर सेक्टरमा निर्मित भवनमा खानेपानी सुविधा स्थापनाको लागी स्थानिय मुलवाट खानेपानी संकलन गरि कूल ७५ हजारको लागतमा खानेपानी व्यवस्था निर्माण कार्य सम्पन्न भएको छ ।

**६. पहाडी कच्ची मोटरवाटो मर्मतः**

निकुञ्जको टोखा प्रवेशद्वार हुँदै गुर्जे, अल्छे सम्म, तथा पानीमुहान देखी सुन्दरीजल, मडिचुड, चिसापानी खण्डको कच्ची मोटरवाटोमा रिटेनिङवाल निर्माण तथा मर्मत, नाली खन्ने, तथा खाल्डाखुल्डीहरू पुर्ने

समेतका कार्यहरू रू. ३ लाख २५ हजारको लागतमा सम्पन्न भई नियमित आवागमनमा सहज भएको छ ।

**७. प्रवेशद्वार निर्माणः**

यस आ.व.मा निकुञ्जकै सर्वैभन्दा वढी पर्यटकहरूको आवागमन हुने क्षेत्र सुन्दरीजलमा १७५ हजारको लागतमा २ कोठे प्रवेशद्वार भवन निर्माण कार्य सम्पन्न भएको छ ।

**८. प्रतिक्षालय निर्माणः**

सुन्दरीजल प्रवेशद्वार भवन क्षेत्रमा कुल ३ लाखको लागतमा पर्यटक विश्राम स्थल निर्माण कार्य सम्पन्न भएको छ ।

यसैगरि नियमित रूपमा हुने कार्यालय खर्च, कर्मचारीहरूको राशन तथा मृग अनुसन्धान केन्द्रमा रहेका मृगहरूको दाना खुवाउने समेत गरी यस आ.व. नेपाल सरकारद्वारा स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सम्पूर्ण कार्यक्रमहरू सत प्रतिशत सम्पन्न भई तोकिएको लक्ष्य पुरा भएको छ ।

## खण्ड ३

# राजश्व संकलन

शिवपुरी रा.नि.कार्यालयका जम्मा ७ वटा प्रवेशद्वार तथा नागार्जुन सेक्टर तथा टिकट विक्रि काउन्टर भृकुटी मण्डप समेतवाट विभिन्न शिर्षकहरूमा राजश्व संकलन कार्य एक नियमित कार्यको रूपमा सम्पन्न भयो । यस रा.नि.वाट यस आ.व. मा जम्मा ४६.८३ लाख राजश्व आम्दानी गरिएको छ । राजश्व आम्दानीका विभिन्न शिर्षकहरू मध्ये प्रमुख श्रोत प्रवेश शुल्क रहेको छ जसले कुल राजश्वको ९५.६५ प्रतिशत तथा वांकी दण्ड जरिवाना तथा लिलाम विक्रि रहेका छन् (अनुसुची ४)। प्रवेशद्वारहरू मध्ये सुन्दरीजल प्रवेशद्वारमा विभिन्न शिर्षकहरूवाट सवैभन्दा वढी अर्थात १७.०७ लाख राजश्व संकलन भयो ।

प्रवेशद्वार अनुसार राजश्व संकलनको विवरण:

| सि.नं | प्रवेशद्वार | राजश्व रकम | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| १ | चिसापानी | ५८७१२० | १२.५४ | |
| २ | झुले | ३५० | ०.०१ | |
| ३ | मणिचुड | २३०० | ०.०५ | |
| ४ | सुन्दरीजल | १७०७२८५ | ३६.४६ | |
| ५ | पानीमुहान | ११८४११० | २५.२९ | |
| ६ | टोखा | ५८२८३० | १२.४५ | |
| ७ | ढकालचौर | २६५२०४ | ५.६६ | |
| ८ | ककनी | ८९०९० | १.९० | |
| ९ | नागार्जुन | २५५५१० | ५.४६ | |
| १० | भृकुटीमण्डप | ९२५० | ०.२० | |

शिर्षक अनुसार राजश्व संकलन विवरण:

| क्र.सं. | राजश्व शिर्षकहरू | राजश्व रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ४४७९४५० | ९५.६५ | पर्यटक प्रवेश, सवारी साधन प्रवेश, क्याम्पिङ शुल्क, तथा मुभी क्यामेरा शुल्क । |
| २ | दण्ड जरिवाना | ९१३४० | १.९५ | |
| ३ | लिलाम विक्रि | ११२२५९ | २.४० | गोलिया काठ लिलाम विक्रि |
| | जम्मा | ४६८३०४९ | १०० | |

# खण्ड ४

# पर्यटन

## ४.१ पर्यटन आकर्षणका केन्द्रः

आन्तरिक तथा वाह्य पर्यटकहरूको लागी यस निकुञ्जको जैविक विविधता, मनोरम प्राकृतिक भू–दृष्य महत्वपूर्ण आकर्षण क्षेत्रहरू हुन । यसको अतिरिक्त निकुञ्ज क्षेत्र भित्रका मठ मन्दिर, नदीनाला आदि धार्मिक/सांस्कृतिक पर्यटनको दृष्टिले महत्वपूर्ण मानिन्छ । नगरकोट देखि लाङ्गधाङ्गसम्मको प्रसिद्द ट्रेकिङ्ग रूट भित्र पर्ने हुनाले यस निकुञ्जको महत्व अझ वढेको छ ।

## ४.२ प्रवेश शुल्कः

रा.नि.तथा व.ज.सं. ऐन, २०२९ अनुसार यस राष्ट्रिय निकुञ्ज भित्र देहाय वमोजिमका प्रवेश शुल्क तथा उपकरणहरू प्रवेश वापत देहाय वमोजिमको प्रवेश शुल्क तोकिएको छ :

| | |
|---|---|
| नेपाली नागरिक प्रवेशशुल्क | रू. १०।– |
| विदेशी नागरिक प्रवेशशुल्क | रू २५०।– |
| मोटरसाईकल प्रवेशशुल्क | रू. १५।– |
| ट्याक्सी प्रवेशशुल्क | रू. ४०।– |
| कार/जीप प्रवेशशुल्क | रू. ७५।– |
| मिनिबसस्ट्रक प्रवेशशुल्क | रू. १५०।– |
| मुभि क्यामरा | रू. ३०००।– |

## ४.३ पर्यटक विवरण

यस आ.व.मा यस निकुञ्ज अन्तर्गतका जम्मा ८ वटा प्रवेशद्वारहरूवाट जम्मा ९६३६२ जना नेपाली तथा १०५६९ जना विदेशी पर्यटकहरूले निकुञ्ज भ्रमण गरेका थिए (मासिक पर्यटकको रेकर्ड तथा राजश्व रेकर्ड अनुसुची ७ मा उल्लेख भए अनुसार) । यसको अतिरिक्त विभिन्न स्कुल तथा क्याम्पसहरूवाट ४२२५ जना विद्यार्थीहरू, स्काउटरहरूले निकुञ्ज अध्ययन भ्रमण गरेका थिए । यस आ.व.मा पनि मुख्य रूपमा trekking, hiking, jungle walk, cycling, scout camping तथा अध्ययन गर्ने लगायत विभिन्न चाडपर्वहरूमा तीर्थ व्रत गर्ने पर्यटकहरू मुख्य थिए । विगत देखी यस निकुञ्ज भ्रमणको परम्परालाई तुलना

गर्दा यस आ.व.मा उल्लेख्य संख्यामा पर्यटकहरूको वृद्दि भएको छ । आ.व. २०५१/५२ देखी हालसम्म तालिका १ मा उल्लेख भए अनुसारका पर्यटकहरूले निकुञ्ज भ्रमण गरेको रेकर्ड छ ।

तालिका १ः आ.व.२०५१/५२ देखि आ.व.२०५१/५२ सम्मको पर्यटकहरूको रेकर्डः

| आ.व. | पर्यटकहरूको संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नेपाली | विदेशी | अध्ययन भ्रमण | जम्मा | |
| ०५१/०५२ | ७४५० | ३४०० | | १०८५० | |
| ०५२/०५३ | २१००० | ५१०० | | २३१०० | |
| ०५३/०५४ | २०५०० | ६५०० | | २७००० | |
| ०५४/०५५ | १५५०० | ६७०० | | २२२०० | |
| ०५५/०५६ | १४२०० | ७९०० | | २२१०० | |
| ०५६/०५७ | १२८९६ | ७६४३ | | २०५३९ | |
| ०५७/०५८ | १५४८६ | ८३४० | | २३८२६ | |
| ०५८/०५९ | २१७६८ | ८३२६ | | ३००९४ | |
| ०५९/०६० | ३२२७१ | ४५७७ | | ३६८४८ | |
| ०६०/०६१ | ३३००७ | ६०७७ | | ३९०८४ | |
| ०६१/०६२ | ३९३४९ | ५१५१ | | ४४५०० | |
| ०६२/०६३ | ३९२०८ | ४५९६ | | ४३८०४ | |
| ०६३/०६४ | ७७२१२ | ६१७३ | | ८३३८५ | |
| ०६४/०६५ | ६८६४१ | ६७७७ | ११८७ | ७६६०५ | |
| ०६५/०६६ | ९६३६२ | १०५६९ | ४२२५ | १११११५६ | |

## ४.४ पर्यटन पुर्वाधार सुधारः

यस आ.व.मा नेपाल पर्यावरण तथा पर्यटन जागरण आधारशीला (NETIF) को सहयोगमा सुन्दरीजल क्षेत्रमा सरसफाई, पदमार्ग सुधार, विश्रामस्थल, चेतनामुलक साईनवोर्ड, पदमार्ग संकेतीकरण जस्ता कार्यक्रमहरू स्थानिय वासिन्दाहरूको समेत सहयोगमा संचालन भए । त्यसै गरि पर्यटन पुर्वाधार विकास आयोजनाको सहयोगमा शिवपुरी नागार्जुन रा.नि.को पानीमुहान देखी छापभञ्ज्याङ्गसम्म तथा नागार्जुनको फुलवारी गेट देखि जामाचोसम्मको ट्रेकिङ्गरूट मर्मत सुधार कार्य संचालनमा रहेको छ ।

खण्ड ५

# अध्ययन अनुसन्धान/भ्रमण

यस आ.व.मा नेपाल सरकारवाट वासस्थान सुधार, प्रजाती अध्ययन तथा अन्य विषयहरूमा अध्ययन अनुसन्धान गर्ने कार्यक्रम नभएकोले कार्यालयको पहलमा विशेष अनुसन्धान कार्य संचालन हुन सकेन । तर व्यक्तिगत पहलमा र विश्व विद्यालयहरूको कार्यक्रमहरू अनुसार यस आ.व.मा अनसुची ५ मा उल्लेखित अनुसन्धानकर्ताहरूले विविध विषयहरूमा अध्ययन अनुसन्धान गरेका थिए । यसको अतिरिक्त अनुसुची ६ मा उल्लेख भए अनुसार विभिन्न स्कुल तथा क्याम्पसहरूवाट जम्मा ४२२५ जना विद्यार्थीहरूले वन, तथा वातावरण एवं जैविक विविधता सम्वन्धि विविध विषयहरूमा अध्ययन गरेका थिए । यस क्रममा निकुञ्ज कार्यालयका प्राविधिक तथा अन्य कर्मचारीहरूले विविध विषयहरूमा सुचना दिएका थिए ।

**खण्ड ६**

# मुद्दा सम्वन्धि विवरण

यस आ.व.मा शिवपुरी नागार्जुन रा.नि. अन्तर्गत पानीमुहान क्षेत्रमा पर्ने तारेभीर क्षेत्रमा रा.नि.को रिङरोडवाट निकुञ्जमा अवस्थित चुन गोन नाङ्गकी थोङसाल लिङ्गका प्रमुख आनीमैया शाक्यको आदेशमा राधाकृष्ण श्रेष्ठ समेत संलग्न भएको निकुञ्ज क्षेत्रभित्र अनियमित रूपमा मोटरवाटो निर्माण गरि फलामे गेट हालेको सम्वन्धि मुद्दा थान १ यस शिवपुरी नागार्जुन रा.नि.का.मा दर्ता भई विचाराधीन अवश्थामा रहेको छ ।

यसैगरि निकुञ्ज क्षेत्रभित्र निषेधित कार्यहरू गर्ने व्यक्तिहरूलाई रा.नि. तथा व.ज.सं. ऐन, २०२९ अनुसार कसुरको मात्रा हेरी सचेत गराउने देखि जरिवाना तथा कैद सजाय समेत भएका थिए। यसक्रममा तालिका २ मा उल्लेख भए अनुसारका ३१३ जना मानिसहरू तथा ५७ वटा चौपाया पक्री कार्वाही गर्दा दण्ड जरिवाना स्वरूप जम्मा ९१३४० राजश्व समेत संकलन भएको छ ।

तालिका २ः मासिक जरिवाना तथा सजाय सम्वन्धि विवरणः

| सि.नं. | महिना | पत्राउ परेका मानिसको संख्या | जरिवाना रकम | पक्राउ परेका चौपायाको संख्या | जरिवाना रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्रावण | २ | ५०० | | | |
| २ | भाद्र | ३६ | २५०० | | | |
| ३ | आश्विन | ६ | १३०० | | | |
| ४ | कार्तिक | ३३ | ५४०० | | | |
| ५ | मंसीर | ८ | २५०० | | | |
| ६ | पुष | ३९ | ८६०० | | | |
| ७ | माघ | ११ | १५०० | | | |
| ८ | फाल्गुन | ५४ | १५६०० | | | |
| ९ | चैत्र | ५५ | २५९०० | २९ | १४५० | |
| १० | वैशाख | ० | ० | १३ | १९४० | |
| ११ | जेष्ठ | २१ | १०५०० | | | |
| १२ | असार | ४८ | ११८०० | १५ | १८५० | |
| | **जम्मा** | **३१३** | **८६१००** | **५७** | **५२४०** | |
| | | पत्रढउ परेका मानिस तथा गाई वस्तुको संख्या | | | **३७०** | |
| | | दण्ड जरिवान वापतको कूल राजश्व | | | **९१३४०** | |

## खण्ड ७

# अन्य गतिविधी

- ढकालचौर सेक्टर अन्तर्गतको गुर्जे भञ्ज्याङ्ग (लाकुरी डांडा) भन्ने क्षेत्रमा मिति २०६५।४।१२ गते फेला परेको प्रेसर कुकर वम सोही दिन वेलुका नेपाली सेनाको वम निष्कृय टोली (EOD Holding Unit) को सहयोगमा सुरक्षित निष्कृय गर्ने कार्य सम्पन्न भएको थियो ।

- यस निकुञ्जको मणिचुड सेक्टरमा मिति २०६५।४।९ गते रतुवा मृगको शिकारी गर्दै गरेका व्यक्तिहरू उपर गस्ती टोलीले पक्रन खोज्दा शिकारीहरू भाग्न सफल भएको र निजहरूवाट मृत अवश्थामा रहेको पोथी रतुवा १, सिसाको गोली  थान ३ र निजहरूले प्रयोग गरेको झोला थान १ समेत वरामद गरिएको थियो । यसको अतिरिक्त सोही सेक्टर अन्तर्गत सानोधाप भन्ने ठाउंमा वेवारिसे अवश्थामा रहेको भरूवा वन्दुक थान १, चक्कु थान १, झोला थान १ तथा वारूद ५० ग्राम समेत वरामद भएको थियो ।

- मिति २०६३।१२।६ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसारको चक्रपथ-टोखा-झोर-छहरे सडक निर्माण गर्न स्वीकृती प्रदान भए अनुसार यस निकुञ्ज क्षेत्र भित्र पर्ने खण्डमा खोलिएको ट्र्याकको यस कार्यालयको ढकालचौर सेक्टरवाट नियमित अनुगमन गर्ने कार्य निरन्तर जारी रह्यो । यसको अतिरिक्त सोही खण्डमा कटान भएका रूखहरूवाट संकलन गरिएका ३१३३.४ क्यु.फिट विभिन्न जातका गोलिया काठ तथा २४०० क्यु.फिट दाउराको लिलाम विक्रिको लागी सुचना जारी गरिएकोमा विभिन्न ४ लटमा छुटयाईएका लट मध्ये यस महिनामा लट नं. १, २ र ३ उपर परेको बोलपत्र स्वीकृत भई राजश्व संकलन भयो । लिलाम विक्रिमा राखिएको ३ चट्टा दाउरा हाल सम्म पनि कवोल नभएकोले लिलाम विक्रि हुन नसकेको ।



- मिति २०६५।९।२० मा भक्तपुर जिल्ला सिरूटार गा.वि.स. वस्ने श्री दिल वहादुर श्रेष्ठको घरमा प्रवेश गरेको पोथी चितुवा एक वटालाई शदर चिडियाखाना, जाउलाखेलका प्राविधिकहरूको सहयोगमा मिति २०६५।२।२१ गते यस रा.नि.को तौलुङ्ग डांडामा छाडिएको छ ।

- मिति २०६५।१०।४ मा किर्तिपुर न.पा. का स्थानिय वासिन्दाको घरमा प्रवेश गरेको पोथी चितुवा एक वटालाई शदर चिडियाखाना, जाउलाखेलका प्राविधिकहरूको सहयोगमा मिति २०६५।१०।६ गते यस रा.नि.को स्यालमती खोला क्षेत्र छाडिएको छ ।
- भक्तपुर जिल्लामा फेला परेको पोथी चितुवा (Common Leopard) लाई निकुञ्जको सौरडांडा क्षेत्रमा स्थानान्तरण गर्ने कार्य समेत शदर चिडियाखाना, जाउलाखेलका प्राविधिकहरूको सहयोगमा सम्पन्न भएको छ ।



- शिवपुरी रा.नि. भित्र पर्ने पांचमाने क्षेत्रमा भाले चितुवा (Common Leopard) निकुञ्ज गस्तिटोलीले मृत अवस्थामा फेला पारी निकुञ्ज कार्यालयमा ल्याई सदर चिडियाखानाका प्राविधिक समेतको रोहवरमा जांचवुझ गर्दा दुई चितुवाहरू आपसमा जुधी मृत्यु भएको पाईयो । चितुवाको अनुहारमा गहिरो चोट लागेको तथा नङ्ग्रामा समेत रगत लतपतिएको अवस्थामा उक्त चितुवा फेला परेको थियो ।
- सुन्दरीजल क्षेत्रमा प्रस्तावित वफर जोनमा फेला परेको विरालो प्रजातीको एक वच्चालाई मृग अनुसन्धान केन्द्र गोदावरीमा राखी स्याहार गरिएकोमा जेष्ठ महिनामाको दोश्रो हप्तामा मृत्यु भएको छ । यसै गरि टोखा क्षेत्रमा फेला परेको चितुवाको अन्दाजी ३-४ महिना जतिको वच्चा पनि मृग अनुसन्धान केन्द्रमा राखी स्याहार गरिएको छ ।



प्रजाती थाहा हुन नसकेको छाउरो



चितवको वच्चालाई दुध खवाउदै

## खण्ड ७

# सन्दर्भ सामग्रीहरू


1. DNPWC, 2006: Shivapuri National Park, Brochure.
2. DNPWC/MoF/GoN and Govt. of the Netherlands/Ministry of Foreign Affairs, 1995: Biodiversity Profile of the High Mountains and High Himal Physiographic Zones; Technical Report No. 14.
3. DNPWC: मृग अनुसन्धान केन्द्र गोदावरी ।
4. NTNC, 2004: Management Plan of Shivapuri National Park, Jawalakhel, Lalitpur.
5. ShNP, F.Y. 2063/64: Wetlands of Shivapuri National Park.
6. ShNP, F.Y. 2064/65: Monthly Reports.
7. ShNP, F.Y. 2064/65: Monthly Reports
8. ShNP/DNPWC/MoF, March 2008: Captive Deer Release Program, Shivapuri National Park

९। ShNP/DNPWC/MoF, F.Y. 2064/65: शिवपुरी राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणाको लागि प्रस्ताव ।

## अनुसूची १

आ.व. २०६५।६६ मा मृग अनुसन्धान केन्द्रको विभिन्न महिनाको रेकर्डः

| क्र.सं. | महिना ⁄ प्रजाती | रतुवा | | | | | चित्तल | | | | | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भा | पो | व | था.न. | जम्मा | भा | पो | व | था.न. | जम्मा | | |
| १ | श्रावण | १ | ३ | | | ४ | २५ | ९ | | | ३४ | ३८ | |
| २ | भाद्र | १ | ३ | | | ४ | २४ | ९ | | | ३३ | ३७ | |
| ३ | आश्विन | १ | ३ | | | ४ | २३ | ११ | १ | | ३५ | ३९ | |
| ४ | कार्तिक | १ | ३ | | | ४ | २३ | ११ | १ | | ३५ | ३९ | |
| ५ | मंसीर | १ | ३ | | | ४ | २३ | ११ | १ | | ३५ | ३९ | |
| ६ | पुस | १ | ३ | ३ | | ७ | २३ | ११ | ६ | | ४० | ४७ | |
| ७ | माघ | ३ | ६ | ३ | | १२ | २३ | ११ | ७ | | ४१ | ५३ | जि.व.का.वाट २ भाले, २ पोथी ल्याईएको |
| ८ | फाल्गुन | २ | ४ | ३ | | ९ | २४ | १० | ७ | | ४१ | ५० | |
| ९ | चैत्र | २ | ४ | ३ | | ९ | २४ | १० | ७ | | ४१ | ५० | |
| १० | वैशाख | ३ | ७ | | | १० | २४ | १० | ७ | | ४१ | ५१ | |
| ११ | जेष्ठ | ३ | ७ | | | १० | २४ | १० | ७ | | ४१ | ५१ | |
| १२ | असार | ३ | ७ | | | १० | २४ | १० | ७ | | ४१ | ५१ | |

## अनुसुची २

आ.व. २०६५।६६ मा सुनौलो कालिज पालन केन्द्रको विभिन्न महिनाको रेकर्डः

| क्र.सं. | महिना | सुनौलो कालिजको मौज्दात | | | | मरेको संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | चल्ला | जम्मा | भाले | पोथी | चल्ला | जम्मा | |
| १ | श्रावण | ५९ | ७३ | ३० | १६२ | २ | १ | ० | ३ | कलेजो सुन्निने रोगका कारण |
| २ | भाद्र | ५९ | ६६ | २७ | १५२ | ० | ७ | ३ | १० | कलेजो सुन्निने रोगका कारण |
| ३ | आश्विन | ५९ | ६५ | २७ | १५१ | ० | १ | ० | १ | कलेजो सुन्निने रोगका कारण |
| ४ | कार्तिक | ५८ | ६४ | २७ | १४९ | १ | १ | ० | २ | कलेजो सुन्निने रोगका कारण |
| ५ | मंसीर | ५७ | ६३ | २७ | १४७ | १ | १ | ० | २ | चितुवाले तर्साएर |
| ६ | पुस | ५७ | ६१ | २७ | १४५ | ० | २ | ० | २ | चितुवाले तर्साएर |
| ७ | माघ | ७७ | ६७ | ० | १४४ | १ | ० | ० | १ | कलेजो सुन्निने रोगका कारण |
| ८ | फाल्गुन | ७५ | ६६ | ० | १४१ | २ | १ | ० | ३ | कलेजो सुन्निने रोगका कारण |
| ९ | चैत्र | ७२ | ६४ | ० | १३६ | ३ | २ | ० | ५ | उमेर पुगेर |
| १० | वैशाख | ७१ | ६२ | ० | १३३ | १ | २ | ० | ३ | कलेजो सुन्निने रोगका कारण |
| ११ | जेष्ठ | ६९ | ६० | ५० | १७९ | २ | २ | ३० | ३४ | कलेजो सुन्निने रोगका कारण |
| १२ | असार | ६९ | ५९ | २० | १४८ | ० | १ | ० | १ | कलेजो सुन्निने रोगका कारण |

वैशाख देखि जेष्ठ महिनासम्म २६० गोटा पारेको।

# अनुसुची ३

## आ.व. २०६५।६६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगती

रू.हजारमा

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | आ.व.२०६६/६७ को वार्षिक लक्ष्य | | | आ.व.२०६६/६७ को प्रगती | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | वजेट | परिमाण | वास्तविक खर्च | प्रगती प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | १० | ११ | १२ | |
| **अ)** | **पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू** | | | | | | | | |
| भौतिक पूर्वाधार निर्माण सुधार | | | | | | | | | |
| १ | मेशिनरी औजार | वटा | १ | ४.०२ | १६० | १ | १६० | १०० | |
| २ | फर्निचर | | | ०.६३ | २५ | | २५ | १०० | |
| ३ | चिफ वार्डेन क्वार्टर निर्माण | वटा | १ | ३७.६४ | १५०० | १ | १५०० | १०० | |
| ४ | नागार्जुन वन विकास तथा संरक्षण | | | २०.०८ | ८०० | | ८०० | १०० | |
| | **पूंजीगत खर्च अन्तर्गतको जम्मा** | | | **६२।३६** | **२४८५** | | **२४८५** | **१००** | |
| **आ)** | **चालु खर्च अन्तर्गतका कार्यक्रमहरू** | | | | | | | | |
| **क) संरक्षण शिक्षा कार्यक्रम** | | | | | | | | | |
| १ | दिवश समारोह | पटक | ४ | १.५१ | ६० | ४ | ६० | १०० | |
| **ख) वासस्थान व्यवस्थापन** | | | | | | | | | |
| १ | संरक्षण पर्खाल मर्मत | कि.मि. | १० | ५.०२ | २०० | १० | २०० | १०० | |
| २ | ग्याविन कज वे मर्मत | स्थान | १ | ३.७६ | १५० | १ | १५० | १०० | |
| **ग) पर्या पर्यटन प्रवद्धन/ भौतिक सुधार** | | | | | | | | | |
| १ | विजुली वायरिङ मर्मत | स्थान | १ | ०.२५ | १० | १ | १० | १०० | |
| २ | नाली मर्मत | कि.मि. | | १.८८ | ७५ | | ७५ | १०० | |
| ३ | खानेपानी व्यवस्था मर्मत | स्थान | २ | ०.७५ | ३० | २ | ३० | १०० | |
| ४ | घोडेटो/गोरेटो मर्मत सुधार | कि.मि. | १८ | २.५१ | १०० | १८ | १०० | १०० | |
| ५ | खानेपानी व्यवस्था निर्माण | वटा | २ | १.८८ | ७५ | २ | ७५ | १०० | |
| ६ | पहाडी कच्ची मोटरवाटो मर्मत | कि.मि. | ५० | ८.१६ | ३२५ | ५० | ३२५ | १०० | |
| ७ | प्रवेशद्वार निर्माण | वटा | १ | ४.३९ | १७५ | १ | १७५ | १०० | |
| ८ | प्रतिक्षालय निर्माण | वटा | २ | ७.५३ | ३०० | २ | ३०० | १०० | |
| | **चालु खर्च अन्तर्गतको जम्मा** | | | **३७.६४** | **१५००** | | | | |
| **ग)** | **कार्यक्रम खर्च तर्फको जम्मा (अ+आ)** | | | **१००** | **३९८५** | | | | |
| **घ)** | **उपभोग संचालन खर्च** | | | | **८३४१** | | **८३४१** | | * |
| **ङ)** | **कार्यालय संचालन खर्च** | | | | **१७२९** | | **१७२९** | | * |
| **च)** | **कूल जम्मा खर्च (ग+घ+ङ)** | | | | **१४०५५** | | | | |

## अनुसुची ४

नेपाल सरकार

# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय

## प्रवेशद्वार अनुसार वार्षिक राजश्व संकलन (आ.व.२०६५/६६)

| सि. नं | प्रवेशद्वार | नेपाली | विदेशी | मोटर साईकल | मिनिवस/ ट्रक | जिप/कार | ट्याक्सी | क्याम्पिङ | मुभी क्यामेरा | दण्ड जरिवाना | अन्य | जम्मा | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिसापानी | १४६२० | ५७०००० | ० | ० | ० | ० | २५०० | ० | | | ५८७१२० | १२.५४ | |
| २ | झुले | ३५० | ० | ० | ० | ० | ० | ० | ० | | | ३५० | ०.०१ | |
| ३ | मणिचुड | ० | ० | ० | ० | ० | ० | ० | ० | २३०० | | २३०० | ०.०५ | |
| ४ | सुन्दरीजल | ६६२४३० | ९३९२५० | ३९७०५ | ० | | ० | १२२०० | ४२००० | १०८०० | ९०० | १७०७२८५ | ३६.४६ | |
| ५ | पानीमुहान | १७२५४० | ७५२५०० | ६२६५५ | ३४२०० | ५१९७५ | २२००० | ७१०० | ६००० | ७०८०० | ४३४० | ११८४११० | २५.२९ | |
| ६ | टोखा | ५४९२० | १४२२५० | १००५९० | २०८५०० | ६५८५० | १०७२० | ० | ० | | | ५८२८३० | १२.४५ | |
| ७ | ढकालचौर | ६०५० | १५७५० | ४८९०० | ३५२५० | ४१४७५ | ३३२० | ० | ० | २२०० | ११२२५९ | २६५२०४ | ५.६६ | |
| ८ | ककनी | २०९० | ८७००० | ० | ० | ० | ० | ० | ० | | | ८९०९० | १.९० | |
| ९ | नागार्जुन | ५०६२० | १२६२५० | १८१३५ | २०१०० | २९९२५ | १०४८० | ० | ० | | | २५५५१० | ५.४६ | |
| १० | भृकुटीमण्डप | ० | ९२५० | ० | ० | ० | ० | ० | ० | | | ९२५० | ०.२० | |
| | जम्मा | ९६३६२० | २६४२२५० | २६९९८५ | २९८०५० | १८९२२५ | ४६५२० | २१८०० | ४८००० | ८६१०० | ११७४९९ | ४६८३०४९ | १०० | |

## अनुसुची ५

## आ.व. २०६५।६६ मा विभिन्न शैक्षिक संस्थाहरूवाट गरेका अध्ययन भ्रमणको विवरण:

| S.N. | Name of School/ College/ Organisation | Numbers | Date of Visit | Remarks |
|---|---|---|---|---|
| 1 | Akash Deep English School, Jorpati-5, Kathmandu | २२५ | २०६५।४।३२-२०६५।५।१ | |
| 2 | Baba Boarding High School, Chabahil, Kathmandu | १७० | २०६५।४।३० | |
| 3 | Suryodaya Jyoti Ma.Vi. School, Dillibazar, Kathmandu | ७५ | २०६५।४०३१ | |
| 4 | Baba Boarding High School, Chabahil, Kathmandu | ६ | २०६५।४०३१ | |
| 5 | Suryodaya Jyoti Ma.Vi. School, Dillibazar, Kathmandu | ४९ | २०६५।५।६ | |
| 6 | Manjari International Exclusive Ma. Vi., Bansbari, Kathmandu | ५९ | २०६५।५।१६ | |
| 7 | Institute of Forestry, Pokhara Campus, Pokhara | ३० | २०६५।५।१२ | |
| 8 | Metro Higher Secondary School, New Baneshwor, Kathmandu | ३५ | २०६५।५।१८ | |
| 9 | Purnatara International Boarding School, Satdobato, Lalitpur | ७० | २०६५।५।२० | |
| 10 | Milan Vidya Mandir, Anamnagar, Kathmandu | ३० | २०६५।५।१३ | |
| 11 | Suryodaya Jyoti Ma.Vi. School, Dillibazar, Kathmandu | ५० | २०६५।५।१३ | |
| 12 | Machhindra Rover Scout Crew, Kelatole, Kathmandu | २५ | २०६५।६।१०-२०६५।५।१२ | |
| 13 | Lions' Club of Kathmandu Sukunda | ११ | २०६५।५।२८ | |
| 14 | Nepal Scout, Bijaya Smarak Scout Troop | ३० | २०६५।६।०३-२०६५।६।५ | |
| 15 | Budhanilkantha School, Higher Secondary | ६७ | २०६५।६।४ | |
| 16 | Siddanta Anusandhan Mahaviddyala, Bansbari | १३ | २०६५।६।९ | |
| 17 | Diamond English Memorial School, Budhanilkantha, Kathmandu | ४५ | २०६५।७।६ | |
| 18 | St. Mary's Higher Secondary School, Jawalakhel, Lalitpur | १८४ | २०६५।७।६ | |
| 19 | District Scout, Kathmandu | १६ | २०६५।७।११ | |
| 20 | Department of Environmental Science, TU, Kirtipur | ९ | २०६५।७०।२१ | |
| 21 | Mahendra Bhawan Higher Secondary Boarding School | १५ | २०६५।७।२४ | |
| 22 | East Pole English Secondary School | ३५ | २०६५।७।२३ | |
| 23 | North Valley Secondary English School | ५४ | २०६५।८।६ | |
| 24 | K.U. High School, Chaukot, Kavre | ६० | २०६५।८।१ | |
| 25 | ICIMOD, WWF, IUCN excursiion team | ३४ | २०६५।७।२८ | |
| 26 | Okharpauwa Ma.Vi. Nuwakot | १५० | २०६५।८।४ | |
| 27 | Everest English School, Mibachhen, Bhaktapur | १०४ | २०६५।७।९ | |
| 28 | Ace Institute of Management, New Baneshwor | ८१ | २०६५।८।१० | |
| 29 | TU, Central Dept. of Nepali, Kirtipur | १३० | २०६५।८।९ | |
| 30 | Hill Town Int'l Higher Secondary School, Bagh Bhairav Sthan, Kirtipur | ६४ | २०६५।८।९ | |
| 31 | Vidya Arjan English Boarding School, Adarsha Bus Stop, Bimsensthan, Bhaktapur | ५४ | २०६५।८।१० | |
| 32 | Padma Kanya Vidyashram Higher Secondary School | ४० | २०६५।८।१४-२०६५८।१५ | |
| 33 | Sypres Public Hegh School, Sukedhara, kathmanadu | ८० | २०६५।८।३-२०६५।८।४ | |

| | | | | |
|---|---|---|---|---|
| 34 | Shrilankan Excursion Team | १६ | २०६५।८।१५ | |
| 35 | Kumarigal Scout Unit (Troop Crew), Chabahil | १५० | २०६५।८।२१-२०६५।८।२३ | |
| 36 | Lincoln School | ३२ | २०६५।८।१८ | |
| 37 | Gillette International, Kalimati, Kathmandu | ४६ | २०६५।८।१९ | |
| 38 | Ananda Bhumi Boarding High School, Maitidevi, | ७३ | २०६५।८।२२ | |
| 39 | Rose Bud School, Buddanagar | ७२ | २०६५।९।४ | |
| 40 | Occidental Public Schoo, Anamnagar, Kathmandu | १३५ | २०६५।९।२१ | |
| 41 | Kathmandu Don Bosco Higher Secondary School, New Baneshwor | १५८ | २०६५।९।१४ | |
| 42 | Green Piece Academy, Gana Bahal, Kathmandu | ६० | २०६५।९।२४-२०६५।९।२६ | |
| 43 | Adarsha Jyoti English Secondary School, Suryabinayak, Bhaktapur | २४ | २०६५।९।२१ | |
| 44 | Charumati Mitra Samuha, Mitrapark, Kathmandu | १५ | २०६५।९।२४ | |
| 45 | Nilgiri School, Paknajole, Kathmandu | ७० | २०६५।९।२६ | |
| 46 | Khwopring English Academy, Chyamhasingha, Bhaktapur | १९ | २०६५।९।२९ | |
| 47 | Jyoti Academy Secondary Pvt. Ltd. | ३९ | २०६५।१०।२६ | |
| 48 | SNV Netherlands Development Organisation, Bakhundole, Lalitpur | ३ | २०६५।११।२ | |
| 49 | Mount Seb School, Koteshwor | ३५ | २०६५।११।११ | |
| 50 | Friends of Zoo, NTNC Excursion Team | ४० | २०६५।११।२ | |
| 51 | Babylon National School, Shantinagar, Kathmandu | १३० | २०६५।११।८ | |
| 52 | Aatma Bikas Primary School, Panimuhan, Kathmandu | ४५ | २०६५।११।०९ | |
| 53 | Green Village Secondary School, Kirtipur | २५ | २०६५।११।९ | |
| 54 | ICIMOD, Mountain Transboundary Protected Area and Connectivity Conservation Workshop Participants | ४४ | २०६५।७।२७ | |
| 55 | Yen Mahanagar Scout, Kathmandu | ६० | २०६५।११।२५-२०६५।११।२७ | |
| 56 | Charumati Mitra Samuha, Mitrapark, Kathmandu | २७५ | २०६५।१२।३०-२०६६।०१।०१ | |
| 57 | Swapna Vatika School, Buddanagar, Kathmandu | ६० | २०६६।०१।११ | |
| 58 | Hillary High School, Gaurighat, Chabahil, Kathmandu | ३० | २०६५।१२।२७ | |
| 59 | Wildlife Conservation Nepal, Bafal, Kathmandu | | अप्रिल २५ देखि २६ | |
| 60 | Nepal Adarsha Ma.Vi., Ganabahal, Kathmandu | ५० | २०६६।१।२० | |
| 61 | Kumarigal Scout Unit (Troop Crew), Chabahil | १०० | २०६६।०१।२६-२०६६।०१।२८ | |
| 62 | Friends of Zoo, NTNC Excursion Team | ४० | २०६६।१।२५ | |
| 63 | Sagarmatha Educational Academy, Chabahil, Kathmandu | १७५ | २०६६।२।९ | |
| 64 | Trichandra Multiple Campus, Ghantaghar, Kathmandu | २६ | २०६६।२।२३ | |
| 65 | Nepal Scout, Kathmandu | ३५ | २०९६६।३।६ | |
| 66 | Kumarigal Scout Unit (Troop Crew), Chabahil | ३० | २०६६।३।१७ | |
| 67 | Sundarijal Open Crew, Sundarijal, Kathmandu | १०० | २०६६।३।२२ | |
| | **Total** | **३७५६** | | |

# अनुसुची ६

## आ.व. २०६५।६६ विभिन्न शैक्षिक संस्थाका शिक्षक विद्यार्थी तथा स्वतन्त्र अध्ययनकर्ताहरूले गरेका अध्ययनका विषयवस्तुहरूको विवरणः

| S.N. | Reseacher | University/College | Title of the Study | Duration | Remarks |
|---|---|---|---|---|---|
| 1 | Nisha Shakya | TU, Department of Environmental Science, Kirtipur | Understanding Biodiversity Conservation and Vegetation of Adjoining VDCs at Shivapuri National Park | 20th October, 2008-31st March, 2008 | |
| 2 | Mira Prajapati | Kwapa: College, Dept. of Environmental Science | Water Quality Assesement of Forest Streams within Shivapuri National Park | November, 2008 - June, 2009 | |
| 3 | Minakshi Rokka Chetri, Ramesh Bhusal | TU, Department of Environmental Science, Kirtipur | Estimation of Carbon Stock in Shivapuri National Park | February 30, 2008 - March 31, 2009 | |
| 4 | Chandeshwori Kaway | TU, Central Department of Zoology, Kirtipur | Distribution Pattern and Crop Depredation by Porcupine in Shivapuri National Park | 2065.11.20-2066.06.30 | |
| 5 | Bed Prasad Upreti | Breda University of Applied Science, The Netherlands | The Sustainable Tourism Development in Shivapuri National Park | March 18, 2009-September 30, 2009 | |
| 6 | Archana Maharjan | Kathmandu University, Dhulikhel | Ecological Status of Bagmati in the Headwaters | April 23, 2009 -June 30, 2009 | |
| 7 | Suchitra Shrestha | TU, Central Department of Zoology, Kirtipur | Faunal Survey and Black Flies(family: simuladae) in and near Kathmandu Valley | June 9, 2009 - April 30, 2010 | |